# 'क्षेत्रीय व्यापारको लागत घटाउनु अत्यावश्यक'

काठमाडौं, १५ असोज (रास) : अर्थमन्त्री शंकरप्रसाद कोइरालाले दक्षिण एसियाली क्षेत्रभित्र पारवहन जटिलताले बाह्य क्षेत्रसँगको व्यापारभन्दा लागत २ गुणा बढी रहेको बताएका छन् ।

यूएनडीपी र अस्ट्रेलियन सहयोगमा 'दक्षिण एसियामा व्यापार र पारवहन सहजीकरण' र 'समावेशी, न्यायोचित र दिगो विकासका लागि लघु, साना



तथा मध्यम उद्यम' परियोजनाको प्रारम्भिक बैठकमा अर्थमन्त्रीले भने, "यो क्षेत्रमा व्यापार सहजीकरण अत्यावश्यक छ ।"

उनले दक्षिण एसियामा अन्तरक्षेत्रीय व्यापारमा पारवहनका जटिलता मुख्य कारण रहेको औंल्याए । दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) को व्यवस्था प्रभावकारी बनाउन तथा दक्षिण एसियालाई अन्तर्राष्ट्रिय व्यापारको केन्द्रमा दातृनिकायको सहयोग प्रभावकारी हुने बताए ।

कार्यक्रममा नेपालका लागि अस्ट्रेलियाका राजदूत ग्लिन ह्वाइटले, क्षेत्रीय परियोजना महत्वपूर्ण रहेको भन्दै क्षेत्रीय एकीकरणमा टेवा पुग्ने बताए ।

यूएनडीपीकी राष्ट्रिय निर्देशक सोको नोदाले महिलाले आर्थिक क्षेत्रमा पुऱ्याउनसक्ने योगदानले विश्वव्यापी राजनीतिक र आर्थिक क्षेत्रमा पहिचान पाउँदै गएको उल्लेख गरिन् । दक्षिण एसियाली देशहरूमा लघु, साना र मध्यम उद्यममा महिलाको ठूलो सहभागिता रहेको भन्दै उनले यसले आर्थिक विकासमा मात्र नभएर महिलाको सशक्तीकरणमा समेत योगदान पुऱ्याउने बताइन् ।

सार्क उद्योग वाणिज्य संघका महासचिव इकबाल तावितसले ७५ प्रतिशत लघु, साना तथा मध्यम उद्यम दक्षिण एसियाली क्षेत्रमा रहेको र यस्ता उद्योगको विकासको सम्भावना रहेको बताए ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड एन्भायरोमेन्ट (सावती)का अध्यक्ष डा. पोषराज पाण्डेले उच्च व्यापारिक लागतका कारण दक्षिण एसियामा अनौपचारिक व्यापारले पनि ठूलो हिस्सा ओगटेको औंल्याए । "प्रभावकारी व्यापारिक एकीकरणका लागि यसका समस्या फुकाउन जरुरी छ," उनले भने ।

सावतीका कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले सावतीसमेतको सहभागितामा कार्यान्वयनमा आउने २ परियोजनाले दक्षिण एसियामा व्यापार सहजीकरणका लागि आधार तयार गर्ने भन्दै पारवहन सञ्जाल स्थापनाले क्षेत्रीय व्यापारबाट लाभ लिन सकिने बताए ।